# प्रश्वास

*'राममान 'तृषित'*

कुनै बेगनबेलीका झुप्पाहरू छैनन्
मुस्काउनुपर्ने

कुनै बेली, चमेलीका झ्याङहरू छैनन्
हसिनाका खुसबु छैनन्
भित्रभित्रै मगमगाउने,
पूर्णिमाको जूनका
किरणका काउकुतीले
खिल्खिलाउने ओंठहरू छैनन्,
प्रेमी र प्रेमिकाको न्यानो अँगालोभित्र
बाँधिएको छैन समय
समय

मात्र सुनसान जङ्गलमा बहिरहेछ
एटलासले थामेको भारीजस्तो
बिसाउने थलो छैन
सुम्पने मानिस छैन
समय, पीडाको फसिल्स
भएर, पुरिएको छ
त्यहाँ दु:ख्ने मन छैन
हाँस्ने दाँत छैन
रमाउने आँट छैन
आमा मरेको बच्चाजस्तो
वा बच्चा मरेको आमाजस्तो
बाढीले बढारेको बस्तीजस्तो
रित्तो' रित्तो मन
रित्तो' समय
शून्य' शून्य आँखा
एकाकी' एकाकी य
ीन लघु-कविता